बैठक नं. ८५

आज मिति २०८२ असार ५ गते, विहीबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

ड२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

विषयहरु :

१. अठारौं नगरसभा सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन ।

३. विविध ।

निर्णयहरु :-

१. भक्तपुर नगरपालिकाको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम स्वीकृत गरी अठारौं नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाको आ.व. २०८२/०८३ को अनुमानित आय र व्यय सम्बन्धी विवरणसहितको बजेटको हालसम्मको तयारी बारे छलफल गरियो ।

३. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. निर्माण समिति**

| मिति २०८२□०३□०४ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो : | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई.□कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्या□न रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | फाउन्टेनको वाटर पम्प केबुल अण्डरग्राउण्ड कार्य (रानी पोखरीको पश्चिमतर्फ) | १ | मर्मत | ९३,५५०।१० | | | | | | | | |
| २ | न.पा. भवनको लिफ्ट मर्मत सम्भार कार्य | नपा | मर्मत | ७२०,९४०।०० | | | | | | | | |
| ख) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लायकु पाहाछे□ पुन:निर्माण | ३ | नपा | ३,०६५,८३७५९ | | १,०००,०००।०० | १,२२६,७९७०० | २२६,७९७०० | १,५२६,७९७७५ | आंशिक सम्पन्न | रामहरि गोरा | |
| २ | नपली पाटीमा छाना मर्मत कार्य | १ | मर्मत | ३२०,४१०।८८ | | १००,०००।०० | १५६,४३२।०० | ५६,४३२।०० | २०८,६०८।०० | सम्पन्न | भोजराज बस्नेत | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | राम मन्दिरमा अवस्थित शौचालयको झ्याल तथा खापा मर्मत कार्य | ४ | मर्मत | ९७,८९६।९१ | | | ९६,८३३।८० | ९६,८३३।८० | १०४,८७३।३७ | सम्पन्न | कपिल दुवाल (अमानत) | |
| ४ | भक्तपुर नपा कार्यालयको सभा हल र बैठक कक्षमा रंगरोगन कार्य | २ | मर्मत | ४८,४४४।३३ | | | ४७,२००।९५ | ४७,२००।९५ | ४९,४९३।९२ | सम्पन्न | कृष्ण हरि लागेजु (अमानत) | |

३. **विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क. यस न.पा.को बा १ ग ३२३८ नं. को गाडीमा आवश्यक मर्मत र टायर पंचर टाले वापत रु.४,१५०।- ड्राईभर दिनेश बासीलाई भुक्तानी दिने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा पुनः निर्माण गरिएको भ.न.पा वडा नं. ४ गःहिटी स्थित लक्ष्मीनरसिंह मन्दिरको उद्घाटन तथा लक्ष्मीनरसिंह मन्दिर पुनः निर्माण २०८२ पुस्तक सार्वजनिकीकरण र क्षमा पुजा र ब्व छायगु कार्यक्रम आयोजन तथा सम्पन्न गरे वापत खर्च जम्मा रु ७,१०,३७२।- लक्ष्मी नरसिंह मन्दिर पुनः निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ फागुन ६,७, र ८ गतेसम्म भएको भक्तपुर नगरपालिका नगर क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुका विद्यार्थीबीच राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक व्यवस्था गर्न श्री ज्ञान बहादुर मानन्धरलाई रु ३,५०,०००।- पेश्की दिएकोमा जम्मा खर्च २,२८,५११।- समर्थनका साथै बढी रकम रु १,२१,४४९।- बैंक दाखिला पश्चात् निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

घ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत जम्मा रु २०,३४०।- सूर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ चैत्र २३ गते देखि २५ गतेसम्म भएको अन्तर नगर जिम्नाष्टिक खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक व्यवस्था गर्न श्री श्याम कृष्ण खत्रीज्यु लाई रु १५,००,०००।- पेश्की दिएकोमा जम्मा खर्च १५,०७,३७४।- समर्थनका गरी बढी खर्च रु ७,३७३।- भुक्तानीका साथै निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।